ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality

☎ ०८४-४०३१८९
☎ ०८४-४०३१९६

# नगर कार्यपालिकाको कार्यालय
# Office of the Municipal Executive

सैनवार, बर्दिया
Sainawar, Bardiya

५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

## नगरपालिकाकाको अनुदान र आफ्नो स्वः लगानिमा घर निर्माण गर्न चाहने विपन्न घरघुरीले अनुदान मागका लागि निवेदन पेश गर्ने बारे सार्वजानिक सूचना ।

*प्रथम पटक प्रकाशित*

*मिति: २०७६।०८।०५*

यस नगरपालिका अन्तर्गत आ.व. २०७६।०७७ मा सुरक्षित विपन्न आवास निर्माणका लागि बढिमा रु.१,००,०००।- (एक लाख) अनुदान दिने कार्यक्रम रहेको हुदा सो कार्यन्वयनका लागि बनाईएको "सुरक्षित विपन्न आवास कार्यक्रम संचालन कार्यविधि, २०७५" बमोजिम लाभग्राहि (विपन्न, दलित, सिमान्तकृत, वन्यजन्तु पिडित) छनौट गर्नुपर्ने भएको हुंदा नगरपालिकाका क्षेत्रभित्र स्थायीरुपमा बसोबास गरिरहेका इच्छुक विपन्न परिवारहरुले यसैसाथ संलग्न फर्मेट बमोजिमको ढाँचामा तपसिल बमोजिमका कागजात सहित सम्बन्धित वडा कार्यालयमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र निवेदन पेश गर्नुहुन यो सूचना जारि गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

# लाभग्राहीहरूको छनौटका आधारहरू

*लाभग्राहिको नाम:* *ठेगाना:*

| क्र. सं. | विवरण | दिइने अङ्क | कैफियत | प्रासाङ्क |
|---|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई - १०<br>३० देखी ६० सम्म - ५<br>६० भन्दा बढी - ० | | |
| २ | हाल उपभोगमा रहेको घर संगै जग्गाको क्षेत्रफल, प्रतिव्यक्ति प्रतिधुर | १ धुर सम्म - १०<br>५ धुर सम्म - ८<br>१० धुर सम्म - ५<br>२० धुर सम्म - २<br>२० धुर भन्दा माथि -० | | |
| ३ | घरभित्रको भूई | माटो - ५<br>ईटा, ढुङ्गा आदी - ३<br>सिमेन्ट - ० | जम्मा फ्लोर एरियाको ५० % वा सो भन्दा बढी क्षेत्रफल भएकालाई अङ्क दिने | |
| ४ | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदी वा त्यसमा पराल/ खरको टाटी - १०<br>बाँस, कप्टेरो, भकारी आदीमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी -५<br>मिलेको ब्लकको गारो तथा पाकेको ईटामा माटो/सिमेन्टको जोर्नी - ० | ५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने । | |
| ५ | घरको छानो | फुस, त्रिपाल, प्लाष्टिक सिट आदी -१०<br>अल्वेष्टर, खपटा, टायल, टिन - ५<br>ढलान -० | मुख्य बसोबास गर्ने घरलाई आधार मान्ने । | |
| ६ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा निरन्तर बसोबास गर्दै आएको (स्वामित्व पाउन सकिने) वा वडाको सिफारिस (स्वबासी र विवाद रहित) - १०<br>नदीताल किनारामा बसोबास गरेको - ० | | |
| ७ | खेतियोग्य जग्गा | अन्यत्र जग्गा नभएको - १०<br>५ कठ्ठा सम्म जग्गा भएको -५<br>५ कठ्ठा भन्दा बढि जग्गा भएको - ० | | |
| ८ | घरमुलिको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिला, निरन्तर जंगलि जनावरबाट पिडित जस्ता घरमूली लाभग्राही भएका - ५<br>अन्य - ० | | |
| ९ | व्यवसाय(परिवारमा वार्षिक मुनाफा) | २५ हजार सम्म - ५<br>५० हजार सम्म - ३<br>५० हजार देखि माथि- ० | | |
| १० | नोकरी ( परिवार भित्र सरकारी, गैह सरकारी, निजी) | नगरेको - ५<br>संघसस्था -३<br>सरकारी/INGO -० | | |
| ११ | शैक्षिक अवस्था ( सबै परिवार, ५० प्रतिशत सम्म) | निरक्षर - ५<br>सम्म साक्षर - ३<br>प्रमाणपत्र तह सम्म -० | | |
| १२ | सार्वजिक पद धारण | कुनैपनि सार्वजानिक पद धारण नगरेका -५<br>समुदायमा आधारित संघ सस्था - ३<br>जनप्रतिनिधि/राजनैतिक दलका प्रमुख - ० | | |
| १३ | बालबालिकाको शैक्षिक अवस्था | सामुदायिक विद्यालय मा पठनपाठन गर्ने गरेको भए -५<br>निजी विद्यालयमा पठनपाठन गर्ने गरेको भए-० | | |
| १४ | जंगलि जनावरबाट पिडित | निरन्तर पिडित हुने परिवार -५<br>कहिलेकाहि पिडित हुने परिवार - ३<br>पिडित नहुने-० | | |
| | | जम्मा प्रासाङ्क | | |

अनुसूची-३

दफा ५ (क) संग सम्वन्धित

लाभग्राहीले दिने निवेदन

मितिः- २०७६।० ।.......

श्री नगर प्रमुख ज्यू
ठाकुरबाबा नगरपालिका
सैनवार, बर्दिया

विषयः सुरक्षित विपन्न आवास अनुदान सम्बन्धमा ।

प्रस्तुत विषयमा म ठाकुरबाबा नगरपालिका ...... नं. वडा .......................... टोलमा स्थायी बसोबास गरिरहेको र मेरो आर्थीक अवस्था कमजोर रहेको हुंदा नगरपालिकाबाट उपलब्ध गराइने सुरक्षित विपन्न आवास कार्यक्रममा समावेश गराई मेरो कि.न............को......................क्षेत्रफलमा घर निर्माणका लागि अनुदान रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु ।

संलग्न कागजातहरु (भएकोमा मात्र ☑ चिन्ह लगाउनुहोस)

( ) नेपाली नागरिकताको प्रतिलिपि ।

( ) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।

( ) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजात वा आफू विगत देखि स्थायी रुपमा सो स्थानमा बसोबास गरी आएको भन्ने सम्बन्धित वडाको सिफारिस ।

( ) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज/रसिद ।

( ) सम्बन्धित वडाले विपन्न परिवार भनी गरेको सिफारिस ।

( ) ठाकुरबाबा नगरपालिकामा घर अभिलेखिकरण गरेको प्रमाणपत्र ।

निवेदक

नाम थर.......................................

ठेगानाः.......................................

सम्पर्क नं. ..............................

हस्ताक्षर...........................